# <u>कोशी अञ्चल अस्पताल सम्बन्धी प्रतिवेदनः</u>

(क) उजुरीको संक्षिप्त व्यहोराः **कोशी अञ्चल अस्पताल विराटनगरमा आ.व. ०७४/०७५ र आ.व. ०७५/०७६ मा बिना विज्ञापन, बिना प्रतिस्पर्धा आफूखुसी ढङ्गले आ-आफ्ना नातेदारहरुलाई विभिन्न पदमा कर्मचारीहरु नियुक्त गरेको"**

(ख) तथ्यगत विवरणः

१. बिना विज्ञापन, बिना प्रतिस्पर्धा आफूखुसी ढङ्गले आ-आफ्ना नातेदारहरुलाई विभिन्न पदमा नियुक्त गरेको भन्ने सम्बन्धमा ।

- उजुरीमा उल्लिखित कर्मचारीहरुको नामथर रुजू गर्दा देहायका कर्मचारीहरुको नामथरमा देहाय बमोजिम फरक पर्न गएको भन्ने बुझिएको-

  कविता सुवेदी ⟹ बविता सुवेदी

  भोला ढुङ्गाना ⟹ भोला नाथ ढुङ्गेल

  सरिता पोखरेल तिम्सिना ⟹ डम्बर कुमारी पोखरेल

- करारमा राखिएको भनी उजुरीमा उल्लेख भएका १० जना कर्मचारीहरुमध्ये कार्यालय सहयोगी पदमा ५ जना, फार्मेसी सहायक पदमा ३ जना र सहजकर्ता पदमा २ जना कार्यरत रहेको पाइयो ।
- कार्यालय सहयोगी पदमा नेपाल सरकार तर्फ ५३ र विकास समिति तर्फ ९७ दरवन्दी रहेको पाइयो ।
- कार्यालय सहयोगी पदमा कार्यरत ५ जनामध्ये मैया देवी मैनाली, भोला नाथ ढुङ्गेल र बिमला पौडेललाई नेपाल सरकार तर्फको रिक्त दरवन्दीमा र बविता सुवेदी र शरद अधिकारीलाई विकास समिति तर्फको रिक्त दरवन्दीमा सेवा करारमा नियुक्त गरेको देखिएको । नेपाल सरकार तर्फ र विकास समिति तर्फको दरवन्दी तेरिज तथा कर्मचारी विवरण अनुसूची- १ मा संलग्न छ ।
- कोशी अञ्चल अस्पताल नियमावली, २०६३ को नियम ५.१ (३) मा "सेवाका प्रारम्भिक तहका पदहरु दैनिक ज्यालादारी तथा करार सेवाद्वारा पूर्ति गरिने छ" भनी उल्लेख भएको ।
- सरकारी अस्पतालहरु आफैंले फार्मेसी सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्था भए बमोजिम शिशिर साह, दयाराम यादव र सन्ध्या कुमारी यादवलाई फार्मेसी सहायक पदमा सेवा करारमा नियुक्त गरी कामकाजमा लगाइएको । फार्मेसी ३ सिफ्टमा सञ्चालन हुँदै आएको। फार्मेसी सञ्चालनको लागि नेपाल सरकारबाट प्राप्त रु. २० लाखको बिउ पूँजी कायम गरी त्यसैको आम्दानीबाट निजहरुलाई तलब भत्ता खुवाउने गरेको भनी अस्पतालका शाखा अधिकृत विष्णु बहादुर बूढाथोकीबाट जानकारी प्राप्त भएको ।

- नेपाल सरकार तर्फ फार्मेसी समूहमा वरिष्ठ/फार्मेसी अधिकृत (७/८ तह) दरवन्दी संख्या- १ र फार्मेसी सहायक दरवन्दी संख्या- १ रहेको । उक्त दुवै पद स्थायी पदपूर्ति भएको देखिएको । विकास समिति तर्फ फार्मेसी समूहमा कुनै दरवन्दी रहेको नपाइएको ।
- उजुरीमा नातेदार भनी उल्लेख भएका कर्मचारीहरुको सम्बन्धमा नातेदार नै रहेको भन्ने बुझिएको । नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनुसार भने ना.सु. जनार्दन पौडेल र का.स. बिमला पौडेलको मात्र नाता खुल्ने देखियो । सम्बन्धित कर्मचारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनुसूची - २ मा संलग्न छ ।
- प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ ले अस्पतालमा रिक्त कार्यालय सहयोगी तथा डाइटिसियन पदमा  विभिन्न कर्मचारीहरु करार सेवामा नियुक्त गरी कामकाज लगाउन भनी नामहरु सिफारिस गरी अस्पताललाई पठाएको समेत देखिएको । सोही बमोजिम अस्पतालले सेवा करारमा कर्मचारी नियुक्त गरेको समेत पाइयो । आफ्ना मान्छेलाई करारमा नियुक्त गर्न राजनीतिक रुपमा निकै दवावहरु आउने गरेको र कर्मचारी नियुक्तिमा धेरै राजनीतिकरण भएको भन्ने अस्पतालका कर्मचारीको भनाई रहेको पाइयो । सामाजिक विकास मन्त्रालयको सिफारिस सम्बन्धी पत्र अनुसूची- ३ मा संलग्न छ ।
- अस्पतालमा विभिन्न कार्यक्रमहरु, जस्तै- OCMC कार्यक्रम, मेथाडोन कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, कुष्ठरोग तर्फको कार्यक्रम, सामाजिक सेवा इकाई कार्यक्रम समेत सञ्चालनमा रहेको भन्ने बुझिएको । ती कार्यक्रमका लागि छुट्टै कर्मचारीहरु हुने गरेको । कार्यक्रमको लागि प्राप्त हुने बजेटबाट नै निजहरुलाई तलब भत्ता भुक्तानी गर्ने गरेको भन्ने समेत सोधपुछका क्रममा जानकारी प्राप्त भएको ।
- अस्पतालको सामाजिक सेवा इकाई कार्यक्रम सञ्चालन गर्न कोशी अञ्चल अस्पतालले सञ्जीवनी सेवा संघसँग मिति २०७२।०८।२० मा सम्झौता गरी वार्षिक रुपमा सम्झौताको नवीकरण वा म्याद थप गर्दै आएको । उजुरीमा उल्लेख भएका मेघराज लुईंटेल र सरिता पोखरेल तिम्सिना (ना.प्र.प. अनुसार डम्बर कुमारी पोखरेल) लाई सहजकर्ता पदमा सञ्जीवनी सेवा संघले नियुक्त गरी म्याद थप गर्दै आएको देखिएको । तर निजहरुले तलब भत्ता सञ्जीवनी सेवा संघबाट नखाई सामाजिक सेवा इकाई कार्यक्रम अन्तर्गतको बजेटबाट सिधै खाने गरेको भन्ने बुझिएको । सञ्जीवनी सेवा संघसँगको सम्झौता पत्र समेतका कागजात तथा सो कार्यक्रमका लागि छुट्याइएको बजेटको विवरण अनुसूची- ४ मा संलग्न छ ।
- अस्पतालले सेवा करारमा राखिएका कर्मचारीहरुको ३ महिना तथा ६ महिनामा म्याद थप गरेको पाइयो । माथि उल्लिखित कर्मचारी समेतको २०७६ आषाढ मसान्तसम्म म्याद थप गरेको पाइएको । आ.व. ०७४/७५ मा पनि केहीलाई नियुक्त गर्ने तथा म्याद थप गर्ने कार्य गरिएको

। पद रिक्त हुँदा अर्को आ.व. मा पनि केही थप कर्मचारीलाई सेवा करारमा राख्ने गरेको भन्ने समेत अस्पतालका शाखा अधिकृत विष्णु बहादुर बूढाथोकीबाट जवाफ प्राप्त भएको । म्याद थप सम्बन्धी अस्पतालको टिप्पणी (निर्णय) कागजात र व्यवस्थापन समितिको म्याद थप गर्ने निर्णय माइन्यूट अनुसूची- ५ मा संलग्न छ ।

- कर्मचारी अपुग भएका कारण स्वास्थ्य बीमा सम्बन्धी तथा ल्या.टे., अ.हे.व.को कार्यमा कार्यालय सहयोगी पदमा नियुक्त केही कर्मचारीलाई समेत खटाउनु परेको भन्ने जवाफ प्राप्त भएको ।

२. ती कर्मचारीहरु नियमित रुपमा हाजिर नहुने, हप्ता पन्ध्र दिनमा एकैचोटि हाजिर गरी तलब भत्ता खाने गरेको भन्ने सम्बन्धमा ।

- मिति २०७६ श्रावण १३ गते अस्पतालको हाजिरी रजिष्टर हेर्दा उजुरीमा उल्लिखित करारमा कार्यरत कर्मचारीहरुको सम्बन्धमा देहाय बमोजिम भएको पाइयो-

| क्र.सं. | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १. | का.स. | बविता सुवेदी | वैशाख र जेठमा हाजिर नभएको, असार ३० देखि मात्र हाजिर भएको । सुत्केरी विदाको निवेदन पेश गरेको तर विदा स्वीकृत भएको नदेखिएको । |
| २. | का.स. | भोला नाथ ढुङ्गेल | श्रावण १२ सम्म हाजिर भएको । |
| ३. | का.स. | मैया देवी मैनाली | श्रावण १३ सम्म हाजिर भएको । |
| ४. | का.स. | शरद अधिकारी | श्रावण १३ सम्म हाजिर भएको । |
| ५. | का.स. | बिमला पौडेल | श्रावण ५ र ७ गते हाजिर नभएको । |
| ६. | फार्मेसी सहायक | दयाराम यादव | मूल हाजिरी रजिष्टरमा निजको नाम नभएको । duty ward मा मात्र हाजिर गर्ने गरेको भन्ने बुझिएको । |
| ७. | फार्मेसी सहायक | शिशिर साह | श्रावण ११ सम्म हाजिर भएको । १२ र १३ गते Night Duty भएको देखिएको । |
| ८. | फार्मेसी सहायक | सन्ध्या कुमारी यादव | श्रावण ११ सम्म हाजिर भएको । १२ र १३ गते Evening Duty भएको देखिएको । |

- सहजकर्ता पदमा कार्यरत कर्मचारीहरुको हाजिरी अभिलेखको कार्य सञ्जीवनी सेवा संघले गरेको भन्ने बुझिएको । निरीक्षणका क्रममा उल्लिखित सहजकर्ताहरु अस्पतालमै कार्यरत रहेको पाइयो ।

- अस्पतालको विद्युतीय हाजिरी अभिलेख अद्यावधिक नभएको । अधिकांश कर्मचारीहरुको विद्युतीय हाजिरीको सिस्टममा नराखिएको । त्यसैले सिस्टममा भएका कर्मचारीहरुको मात्र विद्युतीय हाजिरी अभिलेख रहने गरेको भन्ने बुझिएको ।
- लेखा शाखाबाट तयार गरिएको तलबी भर्पाईमा प्रशासन शाखाले सबै कर्मचारीहरुको हाजिरी अभिलेख रुजू गरेपछि मात्र अन्तिम तलबी भर्पाई तयार गर्ने गरिएको । अस्पतालमा सेवाग्राहीको अत्यधिक चाप भएपनि आवश्यक भन्दा कम कर्मचारी भएको हुँदा विना कारण कुनै पनि कर्मचारी उजुरीमा भनिएजस्तो कार्यालयमा अनुपस्थित हुन नसक्ने वा त्यसरी अनुपस्थित हुन नदिइने । यदि त्यसरी अनुपस्थित भएमा निजहरुको गयल भएको दिनको तलब भत्ता कटाएर मात्र तलब भत्ता दिने गरेको भन्ने प्रशासन शाखाका कर्मचारीको भनाई रहेको पाइयो । नमुनाका लागि प्राप्त तलबी भर्पाईमा रुजू गरिएको छायाँप्रति अनुसूची- ६ मा संलग्न छ ।
- करारमा कार्यरत का.स. बविता सुवेदी लामो समयसम्म अनुपस्थित रहेको सम्बन्धमा के गर्नुहुन्छ ? भनी सोध्दा- करार सम्झौतामा उल्लेख भएभन्दा बढी विदा कसैले नपाउने भएकोले निजले सो अवधिको तलब भत्ता नपाउने भनी जवाफ प्राप्त भएको ।

३. ना.सु. नवराज लुईंटेल नै अवैधानिक ढङ्गले नियुक्त भएको । निजले पैसा खाई नर्स, अनमी, सिएमए आदि नियुक्त गरेको भन्ने सम्बन्धमा ।

- ना.सु. नवराज लुईंटेलले विकास समिति तर्फ अस्थायी दरवन्दीबाट सेवा प्रवेश गरेको । अस्पतालहरुको विकास समिति तर्फ तोकिएको मापदण्ड पुगेका अस्थायी कर्मचारीहरुलाई एक पटकको लागि प्रकृया पुर्याई स्थायी गर्ने भन्ने प्रावधान आएका बखत निजलाई पनि वि.सं. २०६४ सालतिर (वर्ष यकिन नभएको) स्थायी गरिएको भन्ने प्रशासन शाखाका कर्मचारीको भनाई रहेको । यो विषय धेरै अगाडिको भएकोले निजको नियुक्ति के कसरी, कुन प्रकृयाबाट भएको हो भन्ने यकिन जानकारी नभएको र सो सम्बन्धी कागजात फेला नपरेको भन्ने समेत मौखिक जवाफ प्राप्त भएको ।
- पैसा खाई नियुक्त गरेको भनिएका कर्मचारीका सम्बन्धमा उजुरीमा पनि थप विवरण नखुलेकोले सो सम्बन्धी कुनै आधार फेला परेन ।
- प्राप्त विवरण हेर्दा नेपाल सरकार तर्फ भने नर्स, अनमी, सिएमए पदमा करार सेवामा नियुक्त गरेको देखिएन । तर विकास समिति तर्फका सबै रिक्त दरवन्दीमा सेवा करारबाट पदपूर्ति गर्रिंदै आएको देखिन्छ । सो सम्बन्धमा बुझ्दा- स्थायीबाट पदपूर्ति गर्दा कर्मचारीहरुप्रति क.सं. कोष लगायतका विभिन्न आर्थिक दायित्व बढ्ने तर विकास समितिको आम्दानीले नपुग्ने अवस्था रहेकोले करारबाट

पदपूर्ति गर्नुपरेको भनी अस्पतालका शाखा अधिकृत विष्णु बहादुर बूढाथोकीबाट जवाफ प्राप्त भएको ।

- कोशी अञ्चल अस्पताल नियमावली, २०६३ को नियम ६.३ (१) र त्यसैको (क) मा भएको व्यवस्थालाई टेकी विकास समिति तर्फ करारबाट मात्र कर्मचारीको पदपूर्ति गर्दै आएको पाइयो । उक्त नियमावलीमा उल्लेख भए अनुसार पद रिक्त भएको कारणले अस्पतालको काममा असर पर्ने भएमा पदपूर्ति समितिको सिफारिसमा सो पदका लागि तोकिएको योग्यता पुगेका उपयुक्त व्यक्तिलाई मेडिकल सुपरिटेण्डेण्टले करारमा नियुक्त गर्न सक्ने व्यवस्था रहेको तथा त्यसैको उपनियम (२) मा मेडिकल सुपरिटेण्डेण्टको सिफारिसमा पदपूर्ति समितिले करारको अवधि थप्न सक्ने व्यवस्था गरेको पाइयो । तर उक्त प्रावधान बमोजिमको प्रकृया पुर्याई नियुक्ति तथा म्याद थपको कार्य भएको पाइएन ।
- सोही नियमावलीको परिच्छेद- ५ को 'पदपूर्ति सम्बन्धी व्यवस्था' अन्तर्गत नियम ५.१ मा सहायक तथा अधिकृत तहका पदहरु खुला प्रतियोगिता तथा बढुवा प्रकृयाबाट पदपूर्ति गरिने कुरा उल्लेख छ । पदपूर्तिका लागि सिफारिस गर्न नियम ५.२ मा पदपूर्ति समितिको व्यवस्था गरेको देखिन्छ । तर पदपूर्ति समिति नै अस्तित्वमा नरहेको भन्ने बुझिएको । कोशी अञ्चल अस्पताल नियमावली, २०६३ अनुसूची- ७ मा संलग्न गरिएको छ ।

## (ग) निष्कर्ष तथा राय

१. निष्कर्ष

- उजुरीमा नातेदार भनी उल्लेख भएका कर्मचारीहरुको सम्बन्धमा मौखिक रुपमा सोधपुछ गर्दा स्वीकार गरेको पाइयो ।
- कार्यालय सहयोगी पदमा उजुरीमा उल्लिखित ५ जना कर्मचारीहरुलाई गरिएको नियुक्तिका सम्बन्धमा अस्पतालको नियमावली विपरीत भएको भन्न सकिने अवस्था देखिएन ।
- दरवन्दीभन्दा बढी संख्यामा कार्यालय सहयोगी पदमा नियुक्त गरेको नपाइएको । अस्पतालमा सञ्चालित विभिन्न कार्यक्रमका लागि छुट्टै कर्मचारी रहेको पाइयो ।
- फार्मेसी सहायक पदमा नियुक्त दयाराम यादव, शिशिर साह र सन्ध्या यादव (सन्ध्या कुमारी यादव) बाट घुस लिई नियुक्त गरेको भन्ने पुष्टि हुने आधार देखिएन । त्यस्तै- नर्स, सिएमए, अ.न.मी. पदहरुमा घुस खाई करारमा नियुक्त गरिएको भन्ने प्रमाणित हुने देखिएन ।
- कार्यालय सहयोगी तथा फार्मेसी सहायक पदमा माथि उल्लिखित कर्मचारीहरु लगायत दरवन्दीका अन्य पदमा समेत सेवा करारमा नियुक्त गर्दा विज्ञापन तथा प्रतिस्पर्धा बिना नै गरेको पाइयो ।

- ❖ सहायक तथा अधिकृत स्तरका रिक्त पदहरुमा नियमावली अनुसार पदपूर्ति समिति मार्फत पदपूर्ति गर्नुपर्नेमा कुनै विधि प्रकृयाको अवलम्बन नगरी मनोमानी ढङ्गले करारमा कर्मचारी नियुक्त गरी म्याद थप गर्दै आएको पाइयो ।
- ❖ फार्मेसी सञ्चालन गर्न आवश्यक दरवन्दी नभएकोले फार्मेसी सञ्चालनबाट प्राप्त हुने आम्दानीबाट तलबभत्ता खानेगरी उजुरीमा उल्लिखित ३ जनालाई फार्मेसी सहायक पदमा करारमा नियुक्त गरेको पाइएको ।

२. राय

- ☞ कानुनको दृष्टिमा सबै नेपाली नागरिक समान भएकोले प्रारम्भिक तहका पदहरुमा नियुक्तिका निश्चित आधारहरु तय गरी यथाशक्य गुनासो वा विवाद नआउने ढङ्गले नियुक्त गर्नुपर्ने ।
- ☞ सहायक तथा अधिकृत स्तरका रिक्त पदहरुमा अस्पतालको नियमावली अनुसार पदपूर्ति समिति मार्फत पदपूर्ति गर्नुपर्ने । सम्भव भएसम्म त्यस्ता पदहरु करारबाट पूर्ति नगर्ने । नियमावलीमा तोकिएको अवस्थामा त्यस्ता पदहरु करारबाट पूर्ति गर्नुपर्दा समान प्रतिस्पर्धा तथा योग्यता प्रणालीको मान्यता अनुरुप निश्चित मापदण्ड वा कार्यविधि बनाई विवादरहित ढङ्गले गर्नुपर्ने ।
- ☞ अस्पताल प्रशासनले कर्मचारीहरु अस्पतालमा बसी कार्यरत रहे नरहेको नियमित निगरानी र अनुगमन गरी समय पालना गर्ने गराउने गर्नुपर्ने देखिन्छ ।
- ☞ अस्पताल प्रशासनले अस्पतालमा कार्यरत सबै कर्मचारीहरुको अनिवार्य रुपमा विद्युतीय हाजिरी गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- ☞ स्वीकृत दरवन्दी बमोजिमका कर्मचारीबाट सेवा प्रवाह गर्न समस्या भएमा कार्यबोझ हेरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी दरवन्दी बढाउनु पर्ने ।

**(घ) राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०७।०३ को निर्णयः**

कोशी अञ्चल अस्पताल विराटनगरमा आ.व. २०७४।७५ र आ.व. २०७५।७६ मा विना विज्ञापन, विना प्रतिस्पर्धा आफुखुसी ढंगले आ-आफ्ना नातेदारहरुलाई विभिन्न पदमा कर्मचारी नियुक्त गरेको भन्ने समेत व्यहोराको उजुरीको छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न कोशी अञ्चल अस्पताल विराटनगरमा लेखी पठाउने र सो सम्बन्धी उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।